**CODE : 35T MNEP**

# 2025

## NEPALI

( MODERN INDIAN LANGUAGE )

**Full Marks : 100**

**Pass Marks : 30**

**Time : Three hours**

***The figures in the margin indicate full marks for the questions.***

| | | |
|---|---|---|
| *Q. No. 1 carries 1 mark each (any ten)* | 1×10 | = 10 |
| *Q. No. 2 carries 2 marks each (any seven)* | 2×7 | = 14 |
| *Q. No. 3 carries 4 marks each (any nine)* | 4×9 | = 36 |
| *Q. No. 4 (a) carries 5 marks each (any two)* | 5×2 | = 10 |
| *Q. No. 4 (b–e) carries 5 marks each* | 5×4 | = 20 |
| *Q. No. 5 carries 10 marks each (any one)* | 10×1 | = 10 |
| | Total | =100 |

*Contd.*



https://www.assamboard.com

1. कुनै दशवटा प्रश्नका उत्तर लेख : 1×10=10

(i) सामन्तवादीको अर्थ के हो?

(ii) ओलन भनेको के हो?

(iii) मुनामदन खण्डकाव्य कहिले लेखिएको हो?

(iv) कृष्ण राय कुन कथाका नायक हुन्?

(v) अलौकिकको अर्थ लेख।

(vi) देशमा असहयोग आन्दोलन कहिले चलिएको थियो?

(vii) दुर्दिनको अर्थ के हो?

(viii) डलर भनेको के हो?

(ix) गोरक्षनाथ को थिए?

(x) सट्टेबाजी भनेको के हो?

(xi) जिम्मेदार भनेर कसलाई भनिन्छ?

(xii) दार्जिलिङमा नेपाली साहित्य सम्मेलनको गठन कहिले भएको थियो?

2. संक्षेपमा उत्तर देऊ : (कुनै सातवटाको) 2×7=14

(i) बेठी लाउने भनेको के हो?

(ii) शत्रु कथाका बलभद्र कस्ता किसिमका मानिस थिए?

(iii) असम एसोसिएसनको साधारण सभा कहिले कहाँ भएको थियो?

(iv) कालो झुसिल्कीरा र सेतो गुलाफ के केका प्रतीक हुन्?

(v) नेपाली भाषा पहिला के के नामले चिनिन्थ्यो?

(vi) साहित्यलाई किन उत्तम ज्ञान दिने भनिएको हो? साहित्य सुधा पाठको आधारमा लेख।

(vii) 'नाचनिने भएछौ' कवितामा कविले कसको अतीत गौरवको कुरा गरेका छन्?

(viii) किशोर कालमा कस्तो शिक्षाको आवश्यकता हुन्छ?

(ix) उपनिषद अनुसार शिक्षाले मानिसलाई के दिन्छ?

3. उत्तर लेख : (कुनै नौवटा प्रश्नको) https://www.assamboard.com 4×9=36

(i) हाम्रा धर्म-कर्म र पूजा-आजा सम्बन्धमा असमे नेपाली संस्कृति निबन्धमा निबन्धकारले कस्तो मत व्यक्त गरेका छन्? चर्चा गर।

(ii) नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष भनेर निबन्धकारले कसलाई किन भन्न खोजेका छन्? विस्तार गर।

(iii) विश्वेश्वरप्रसाद कोइरालाको 'शत्रु' कथाका कृष्णरायमाथि आक्रमण हुनुको कारण के हुन सक्छ? पाठको आधारमा उत्तर देऊ।

(iv) छविलाल उपाध्यायको जन्म कहिले र कहाँ भएको थियो? बिहाली हाइस्कुलको निर्माण कसरी भएको थियो? विस्तारपूर्वक लेख।

(v) 'कुनै गुलाफ ओभानो छैन यहाँ' कथाको पाठबोध कस्तो छ? लेख।



https://www.assamboard.com

(vi) हाम्रो यो सुन्दर मानवजीवनलाई कसरी अझ सुन्दर पार्ने भनेर कवि भन्दछन्?

(vii) अगमसिंह गिरीको परिचय छोटकरीमा लेख।

(viii) कविका दृष्टिमा कलिकाल कस्तो छ? कविताका आधारमा स्पष्ट गराऊ।

(ix) 'आकाशका तारा के तारा' कवितामा उल्लेखित नामहरू लेख।

(x) किशोर कालमा किशोरकिशोरीमा विभिन्न परिवर्तन मध्ये शारीरिक विकास कसरी हुन्छ भनिएको छ?

(xi) पर्यावरण सम्बन्धी शिक्षा के हो?

(xii) 'चर्यापद र नेपाली भाषा' निबन्धलाई पाठ्यक्रममा राख्नुको औचित्य के हो भनिएको छ? प्रस्तुत गर।

4. (क) सप्रसङ्ग व्याख्या गर : *(कुनै दुईको)* 5×2=10

(i) जीवनलाई यसरी लिनुको पनि कारण रहेछ र त्यो कारण भौगोलिक रहेछ।

(ii) तर लेखक पनि उत्तिकै असहाय हुन्छ।

(iii) विद्याकै निम्ती चढाऊ झिटी लौ हौ तयार।

(iv) अन्धो पृथ्वी अन्धा हामी हाम्रा लागि घरको दुध पानीसरि छ।

(ख) तल दिएका मध्येबाट पुरुष छुट्याऊ : ½×10=5

हामी, त्यो, पढ्छ, गयो, ऊ, लेखें, गयौं, तपाई, म, उनी।

(ग) तल दिएका वाक्यहरूलाई कोष्ठकका सङ्केतका सहयोगले वचन परिवर्तन गर : 1×5=5

(i) हिमालहरू अग्ला छन् (एकवचन)

(ii) हामी खेलाडी हौं (एकवचन)

(iii) तिमी घर जाऊ (बहुवचन)

(iv) म राम्ररी पढ्दै छु (बहुवचन)

(v) म भात खान गएँ (बहुवचन)

(घ) तलका शब्दहरूलाई लिङ्ग परिवर्तन गरेर लेख : 1×5=5

युवक, पढेको, मोटो, मत्ता, बादशाह।

(ङ) काल परिवर्तन गर्दा के कस्ता कुरामा ध्यान पुऱ्याउनु पर्छ? 5

5. ***कुनै एकका*** विषयमा निबन्ध लेख : 10

(i) कुनै एक नेपाली कवि

(ii) नेपाली चाडपर्व

(iii) अनुशासन

(iv) असमको चिया उद्योग

(v) समयको मूल्य।

——×——



https://www.assamboard.com